बाल भत्ताको दायरा भन्दा बाहिर परेका घरपरिवारलाई बुन्क्योउ-कु द्वारा दिइने आफ्नै मौलिक लाभ रकम

# **आयको हदबन्दी**ले गर्दा **बाल भत्ता**को **दायरा भन्दा बाहिर परेका घरपरिवार**लाई

# अधिकतम **60 हजार येन** लाभ-भुक्तानी गरिनेछ!

**आवेदन म्याद** **सन् 2023 डिसेम्बर 15 तारिख** (शुक्र)

डिसेम्बर 16 तारिख पश्चात् पनि निरन्तर आवेदन स्वीकार गरिने छ तर, लाभ-भुक्तानी भने भिन्दै गरिनेछ।



सन् 2023 जुन महिनामा राष्ट्रले तर्जुमा गरेको "बालबालिकाको भविष्य रणनीति"मा,
बाल भत्तामा आयको हदबन्दीलाई उन्मूलन गर्न पहल गर्ने नीति अवलम्बन गरिएको छ।
यस्तो नीति आएकोले, राष्ट्रले कार्यान्वयनमा ल्याउने अवधिसम्म, आय हदबन्दीले गर्दा बाल भत्ता लाभ प्राप्त गर्न नसकेका घरपरिवार प्रति, बुन्क्योउ-कु को आफ्नै मौलिक लाभ प्रदान गरेर,
आउँदो पुस्ताको अभिभारा बोक्ने नानीबाबुको हुर्काइमा सहायता गर्न चाहन्छौँ।

यस परियोजनाको मर्म बुझेर सहमति जनाई,
नानीबाबु हुर्काउन केही सहयोग पुग्ने तरिकाले लाभ रकम उपयोग गर्नुहुन अनुरोध छ।

विस्तृतमा पछाडिको पाना हेर्नुहोला >

## दायरामा पर्ने व्यक्ति

- 15 वर्षको जन्मदिन पश्चात्को पहिलो मार्च 31 तारिखसम्मका नानीबाबु *विस्तृत विवरणको लागि निम्न तालिका हेर्नुहोला।

| दायरा अवधि | सन् 2023 जुन ~ सन् 2024 मार्च | सन् 2024 अप्रिल ~ सन् 2024 मे |
|---|---|---|
| जन्म मिति | सन् 2008 अप्रिल 2 तारिखको जन्म ~ सन् 2024 मार्च 1 तारिखको जन्म | सन् 2009 अप्रिल 2 तारिखको जन्म ~ सन् 2024 मे 1 तारिखको जन्म |

## आवेदक

- **तलको सबै आवश्यक सर्त पुरा गर्न सक्नुहुने महानुभाव**

(1) दायरामा पर्ने नानीबाबुलाई भरणपोषण गरिराख्नु भएका अभिभावक **(बुवा आमाहरू जसको आय उच्च छ)**

(2) बुन्क्योउ-कु भित्र बसोबास रहेको

(3) आर्थिक वर्ष 2023 को बाल भत्ता (सन् 2023 जुन महिनादेखि सन् 2024 मे महिनासम्मको हिस्सा) आयको हदबन्दीको कारणले प्राप्त गरेको छैन

*आवेदन दिनु अगाडि, कसको आय सबैभन्दा धेरै छ निश्चय गरेर, आवेदन दिनुहोला।

## दायरा अवधि तथा लाभ-भुक्तानी रकम

- **दायरा अवधि** सन् 2023 जुन महिनादेखि सन् 2024 मे महिनासम्मको 12 महिना (योजित)
- **लाभ-भुक्तानी रकम** मासिक राशि 5 हजार येन
  वार्षिक राशि अधिकतम 60 हजार येन
- **लाभ-भुक्तानी रकम निर्णय विधि**

**मासिक राशि 5,000 येन x आवश्यक सर्त पुरा भएको महिनाको सङ्ख्या = लाभ-भुक्तानी रकम**

*आवश्यक सर्तको विस्तृत विवरण सम्बन्धमा माथिको “दायरामा पर्ने व्यक्ति” र “आवेदक” मा पढ्नु होला।

*आवश्यक सर्तमा पर्छ पर्दैन भनेर, हरेक महिना 1 तारिखको समयबिन्दुको अवस्थामा आधारित रही निर्धारण गरिनेछ।

*अवधि भित्रमा बुन्क्योउ-कु भित्र बसाइँ आएमा या, जन्म भएमा पनि दायरामा परिनेछ।

### लाभ-भुक्तानीको उदाहरण




## लाभ-भुक्तानी समयाकाल

- **पूर्वार्धको हिस्सा र उत्तरार्धको हिस्सा गरी 2 पटकमा छुट्याएर लाभ-भुक्तानी गरिनेछ।**

**आवेदन भने एक पटक मात्र गरे पुग्छ**

- **सन् 2024 फेब्रुअरी, पूर्वार्धको हिस्सा (अधिकतम 20 हजार येन) एकमुस्ट भुक्तानी (सन् 2023 डिसेम्बर 15 तारिखसम्ममा आवेदन दिनुभएको खण्डमा)**

  *डिसेम्बर 16 तारिख पश्चात्पनि निरन्तर आवेदन स्वीकार गरिन्छ तर लाभ-भुक्तानी भने भिन्दै दिइन्छ।

- **सन् 2024 जुलाईमा उत्तरार्धको हिस्सा (अधिकतम 40 हजार येन) एकमुस्ट भुक्तानी**

  *उत्तरार्धको लाभ-भुक्तानी रकम भनेको योजित राशि हो। आर्थिक वर्ष 2024 को बजेट निर्णय हुने बित्तिकै, वेबसाइट मार्फत भिन्दै सूचित गरिनेछ।

## आवेदन विधि

- **LINE उपयोग गरेर आवेदन (*) अथवा हुलाकबाट प्रेषण गरेर आवेदन दिन सकिन्छ।**

(*) LINE अकाउन्ट बनाई राखेको हुनुपर्छ।

*आफैँले कागजपत्र बोकेर ल्याउने र आवेदन दिने कार्य स्वीकार्य हुन्न। इमेल पठाउनुहोला।

*आवेदन म्यादसम्ममा हुलाकबाट पेस गर्न नभ्याउने भएमा, बुन्क्योउ-कु कुयाकु-स्यो अफिसको 1 तला पछाडिपट्टिको “रात्रिकालीन पोस्ट बाकस”मा हालिदिनु होला।

*LINE उपयोग गरेर गरिने आवेदन विधिको लागि सँगैको परिशिष्ट पत्र हेर्नुहोला।

**बाल भत्ताको दायरा भन्दा बाहिर परेका घरपरिवारलाई बुन्क्योउ-कु द्वारा दिइने आफ्नै मौलिक लाभ सम्बन्धी परियोजना सम्बन्धी सोधपुछ**


बुन्क्योउ-कु; बालबालिका हुर्काउने सहायता परियोजनाको कल सेन्टर
*जापानी भाषामा मात्र उपलब्ध छ

TEL. 03-5803-1288

कार्यालय खुल्ने दिनको 8:30 ~ 17:00 / शनि, आइत, सार्वजनिक बिदाको दिनमा बन्द


लाभ रकम परियोजना बारेको बुन्क्योउ-कु को आधिकारिक वेबसाइट लागि यता ▶